नेपाल सरकार
सञ्चार तथा सूचनाप्रविधिमन्त्रालय
हुलाक सेवाविभाग
हुलाकनिर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत
(निरीक्षण तथा अनुगमन शाखा)

☎:०८३-५२०२३४
०८३-५२०१७५
०८३ -५२३३९०
E-mail:postaldtr234@gmail.com

पत्र संख्या : २०८२/०८३
च. नं. ६२

मितिः २०८२/०४/०९

## विषयः डाँक ढुवानी सम्बन्धी प्रस्ताव आह्वानको सूचना

हुलाक निर्देशनालय सुर्खेतका विभिन्न पालिकाहरुमा र यस जिल्लाबाट अन्य जिल्लाहरुका डाँकरेखाहरुमा आ. व. २०८२/०८३ का लागि देहायबमोजिमको वार्षिक रकममा नबढ्ने गरी घटीघटाउको माध्यमबाट दैनिक रुपमा नियमित हुलाक वस्तु ढुवानी गराउनु पर्ने भएकाले डाँक ढुवानी गर्न इच्छुक यातायात सेवा प्रा. लि. हरुले देहायका शर्तहरुको पूर्ण रुपमा पालना गर्ने प्रतिवद्धतासहित निम्न कागजातसहित यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र प्रस्तावमाथि स्वीकृति जनाउन तोकिएंको कार्यालयमा सिलबन्दी निवेदन दर्ता गराउन हुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र. सं. | हुलाक वस्तु ढुवानी गर्नुपर्ने डाँकरेखाहरु | अधिकतम वार्षिक रकम | प्रस्ताव दर्ता हुने स्थान |
|---|---|---|---|
| १. | वीरेन्द्रनगर - भेरीगंगा- कोहलपुर - बाँके | रु. २,००,०००।- (दुई लाख ) | हुलाक निर्देशनालय सुर्खेत |
| २. | वीरेन्द्रनगर - गुर्भाकोट- वनगाँडकुपिण्डे- सिम्ता – शिवालय - जाजरकोट | रु. ९५,०००।- (पन्चानब्बे हजार।) | हुलाक निर्देशनालय सुर्खेत |
| ३. | वीरेन्द्रनगर – लेखवेंसी (कल्याण) | रु. ३०,०००।– (तीस हजार।) | हुलाक निर्देशनालय सुर्खेत |
| ४. | वीरेन्द्रनगर – बराहताल - पञ्चपुरी - चौकुने | रु. ७५,०००।- (पचहत्तर हजार।) | हुलाक निर्देशनालय सुर्खेत |
| ५. | वीरेन्द्रनगर - चिङ्गाड | रु. ४०,०००।-(चालीस हजार।) | हुलाक निर्देशनालय सुर्खेत |
| ६. | वीरेन्द्रनगर- आठबिस (राकमकर्णाली दैलेख) –मान्म (कालीकोट) - मोलफा बजार- सेराबाडा –जुविथा - तातापानी- खलङ्गा जुम्ला | रु. १,९५,०००।- (एक लाख पन्चानब्बे हजार।) | हुलाक निर्देशनालय सुर्खेत |
| ७. | वीरेन्द्रनगर - गुराँसे (दैलेख) – दैलेख बजार | रु. ८०,०००।- (असी हजार।) | हुलाक निर्देशनालय सुर्खेत |
| | जम्मा | रु. ७,१५,०००।- (सात लाख पन्ध्र हजार ) | |

हुलाक निर्देशक

नेपाल सरकार
सञ्चार तथा सूचनाप्रविधिमन्त्रालय
हुलाक सेवाविभाग
हुलाकनिर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत
(निरीक्षण तथा अनुगमन शाखा)

☎:०८३-५२०२३४
०८३-५२०१७५
०८३ -५२३३९०
E-mail:postaldtr234@gmail.com

प्रस्तावमाथि स्वीकृति जनाउन चाहने व्यक्ति वा संस्थाले निम्न शर्तहरुको अधिनमा रही स्वीकृति जनाउनु पर्ने छ -

१। डाँक ढुवानी गर्न इच्छुक यातायात सेवा प्रा. लि. ले डाँक ढुवानी हुने रुटमा कम्तीमा २ दुई वटा गाडी सञ्चालन गरेको हुनुपर्नेछ ।

२। प्रस्तावको स्वीकृति फाराम प्रस्ताव दर्ता हुने कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिने छ ।

३। प्रस्तावमाथि स्वीकृति जनाउँदा स्वीकृति फारामका साथ निम्न कागजातहरु पेश गर्नुपर्ने छ

- १। यातायात प्रा. लि. दर्ता प्रमाण पत्रको प्रतिलिपि,
- २। संस्था नवीकरण गरिएको प्रमाण पत्रको प्रतिलिपि,
- ३। आ. व. २०८०/८१ को लेखा परीक्षण र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
- ४। डाँक ढुवानी प्रयोजनका लागि तोकिएको डाँकरेखामा यातायात सञ्चालन गर्नका लागि प्राप्त रुट प्रमिट

४। प्रस्तावको स्वीकृति फाराम सम्वन्धित कागजातहरु संलग्न राखी सिलवन्दी गरी तोकिएको मितिमा कार्यालय समयभित्र कार्यालयमा दर्ता गराउनु पर्नेछ। रित नपुगेको र म्यादभित्र प्राप्त नभएको फाराम उपर कुनै कारवाही हुने छैन ।

५। प्रस्तावमाथिको स्वीकृतिले नियमानुसार पूर्णता पाएमा करार सम्झौताका लागि सम्बन्धित पक्षलाई बोलाई दुई पक्ष बिच डाँक ढुवानी सम्झौता गरिने छ ।

६। प्रस्तावको स्वीकृति निवेदन दर्ता गराउने अन्तिम दिनको भोलिपल्ट स्वीकृति जनाउने आधिकारिक व्यक्ति वा प्रतिनिधिहरुको रोहवरमा दिउँसो २ बजे खोलिने छ ।

७। प्रस्तावमाथिको स्वीकृतिलाई स्वीकृत गर्ने/नगर्ने अधिकार प्रस्ताव गर्ने कार्यालयलाई हुनेछ ।

हुलाक निर्देशक